# कृषि सामग्री कम्पनी लिमिटेड

# विक्रेता व्यवस्था कार्यविधि
# २०७७

## कृषि सामग्री कम्पनी लिमिटेड

प्रधान कार्यालय

कुलेश्वर, काठमाण्डौ

कृषि सामग्री कम्पनी लिमिटेडको
"विक्रेता व्यवस्था कार्यविधि २०७७"
**दोश्रो संशोधन**

**उद्देश्यः**

यस कम्पनीबाट विक्री वितरण हुने विभिन्न प्रकारका रासायनिक मल, वीउवीजन, प्राङ्गारिक मल, सुक्ष्मतत्व मल, कृषि चुन, कृषि औजारहरु लगायत कृषि सामग्रीहरु नेपाल सरकारको सेवा प्रवाह गर्ने नीति अनुरुप अनुदानको रासायनिक मल स्थानीय समितिको सिफारिसमा र गैर अनुदानित मल वीउवीजन तथा अन्य कृषि सामग्रीको हकमा स्थानिय समिति वा कृषि ज्ञान केन्द्रको सिफारिसमा विक्रीको लागि इजाजत प्राप्त भएका र कम्पनीबाट नियुक्त गरिएका विक्रेताहरु (सहकारी संस्था, एग्रोभेट, फर्म वा कम्पनी) मार्फत वितरण प्रणालीलाई अझ बढी सरल व्यवस्थित, सहज, पारदर्शी एवम् प्रभावकारी बनाई कृषकहरुलाई सुलभ ढंगले कृषि सामग्रीहरु उपलव्ध गराउन, नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७" र यस कम्पनीको आर्थिक प्रशासन विनियमावली २०५९ को परिच्छेद ६ को दफा ४४ को उपदफा ३ बमोजिम "विक्रेता व्यवस्था कार्यविधि २०७७" जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस कार्यविधिको नाम "विक्रेता व्यवस्था कार्यविधि २०७७" रहेको छ ।

१.२ यस कार्यविधि संचालक समितिबाट निणर्य भएको मितिबाट लागू हुनेछ ।

१.३ यस कार्यविधि कृषि सामग्री कम्पनी लिमिटेडबाट अनुदानित र गैर अनुदानित रासायनिक मल, वीउवीजनहरु, प्राङ्गारिक मल, सुक्ष्मतत्व मल, कृषि चुन, कृषि औजारहरु लगायतका कृषि सामग्रीहरु बिक्री वितरण गर्ने सम्वन्धमा लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

२.१ "कम्पनी" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडका सम्पूर्ण कार्यालयहरुलाई सम्झनु पर्दछ ।

२.२ "मल विक्रेता" भन्नाले मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम बिक्री वितरण गर्न कम्पनीबाट मुकरर गरिएका सहकारी संस्था, फर्म वा कम्पनीलाई सम्झनु पर्दछ ।

२.२.१ "वीउविक्रेता" भन्नाले वीउ विक्रीको लागि इजाजत प्राप्त भई स्थानिय समिति / कृषि ज्ञान केन्द्रबाट सिफारिस भई कम्पनीबाट मुकरर गरिएका विक्रेताहरुलाई सम्झनु पर्दछ ।

२.३ "कार्यविधि" भन्नाले "विक्रेता व्यवस्था कार्यविधि २०७७" लाई सम्झनु पर्नेछ ।

२.४ "सहकारी संस्था" भन्नाले सहकारी ऐन २०७४ बमोजिम दर्ता भएका सहकारी संघ/संस्थालाई सम्झनु पर्दछ ।

२.५ "फर्म वा कम्पनी" भन्नाले कम्पनी ऐन २०६३ वा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन २०१४ अन्तर्गत गठित फर्म वा कम्पनीलाई सम्झनु पर्दछ ।

२.६ "अनुसूची" भन्नाले यसै कार्यविधिका अनुसूचीहरुलाई सम्झनु पर्दछ ।

२.७ "स्थानीय समिति" भन्नाले "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" को परिच्छेद २ को दफा १० बमोजिम गठित स्थानीय तह अन्तर्गतका (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) गठित समितिलाई सम्झनु पर्दछ ।

२.८ "कृषि सामग्री" भन्नाले कम्पनीका कार्यालयहरुले कारोवार गर्ने सबै प्रकारका नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल, गैर अनुदानित मल, वीउ विजन, कृषि चुन, कृषि औजार र अन्य कृषि सामग्रीलाई सम्झनु पर्दछ ।

२.९ "निर्देशिका" भन्नाले "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" सम्झनु पर्दछ ।

२.१० " मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

२.११ "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

२.१२ "समिति" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेडको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

३. विक्रेता नियुक्ती हुनको लागि आवेदनः

कम्पनीको विक्रेता भै कृषि सामग्रीहरु खरीद गरी सर्वसाधारण कृषकहरुलाई विक्री वितरण गर्न चाहने सहकारी संघ/संस्था/फर्म वा कम्पनीले यसै कार्यविधिको दफा ४ मा उल्लेखित कागजातहरु संलग्न राखी कम्पनीको सम्वन्धित कार्यालयमा आवेदन दिनु पर्नेछ ।

४. विक्रेता हुनको लागि आवश्यक न्यूनतम योग्यता र नियुक्तिः

४.१ सहकारी संस्था, कम्पनी वा फर्म दर्ता प्रमाण पत्र ।

४.२ निर्देशिकामा उल्लेख भए बमोजिम अनुदानित मल स्थानिय समितिको सिफारिस पत्र र गैर अनुदानित मल, वीउवीजन तथा कृषि सामग्रीको हकमा स्थानीय समितिको सिफारिस पत्र / कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

४.३ विगत दुई आर्थिक बर्षको लेखापरीक्षणको प्रतिलिपि ।

४.४ स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

४.५ अनुभव र कार्य दक्षताको विवरण ।

४.६ नापतौल गर्न न्यूनतम १०० के.जी क्षमताको मेसिन, गोदामघर, सुचना प्रविधि लगायतका अन्य भौतिक पूर्वाधार भएको विवरण ।

४.७ कर चुक्ताको प्रमाणपत्र ।

४.८ कम्पनीलाई तिर्नु पर्ने बांकी बक्यौता नभएको ।

४.९ सहकारी संस्था भए सञ्चालक समितिको र फर्म वा कम्पनीको हकमा वोर्डको निर्णय ।

४.१० अनुदानित रासायनिक मलको हकमा सम्वन्धित स्थानीय तहमा सूचिकृत भई कृषि सामग्री विक्रीको लागि सिफारिस पत्र प्राप्त गरेको हुनु पर्नेछ । तर उल्लेखित शर्त

पुरा गरेको संस्था / फर्म वा कम्पनी कुनै गाउँपालिका वा दुर्गम क्षेत्रमा उपस्थिति नभएमा सम्वन्धित “स्थानीय समिति” को सिफारिशको आधारमा विक्रेता नियुक्ति गर्न सकिनेछ

४.११ गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा अन्य कृषि सामग्रीको हकमा स्थानिय समिति वा कृषि ज्ञान केन्द्रबाट विक्रेता नियुक्तीका लागि सिफारिस भई आएमा विक्रेता नियुक्त गर्न सकिनेछ ।

४.१२ बिक्रेता नियुक्ति सम्बन्धी अन्य व्यवस्था निर्देशिकाको दफा १५ बमोजिम हुनेछ ।

५. धरौटीः

बिक्रेता नियुक्त हुनको लागि देहायबमोजिम धरौटी वापतको रकम कम्पनीको खातामा जम्मा गरेको सक्कल बैङ्क भौचर संलग्न हुनु पर्नेछ ।

क) झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, मकवानपुर, चितवन, सिन्धुली, काठमाण्डौ, काभ्रेपलान्चोक, नुवाकोट, धादिङ्ग, नवलपरासी, पूर्वी परासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाके, बर्दिया, कैलाली र कन्चनपुरको लागि रकम रु ५०,०००।- (पचास हजार) मात्र ।

ख) दफा ५ (क) मा उल्लेखित जिल्लाहरु बाहेक अन्य जिल्लाहरुको हकमा रकम रु.२५,०००।- (पच्चिस हजार) मात्र ।

ग) कार्यविधिको दफा ७ बमोजिम विक्रेताले जिम्मेवारी र दायित्व पुरा नगरी कारवाही स्वरुप विक्रेता खारेज भएको अवस्थामा विक्रेताले यस कम्पनीमा राखेको धरौटी रकम दायित्व फरफारक गरी बांकी रकम फिर्ता दिनु पर्नेछ ।

घ) अनुदानित रासायनिक मल विक्रीको लागि दर्ता भएका विक्रेताहरुले वीउवीजन विक्री गर्नका लागि यस कार्यविधिको दफा २.२.१ मा भएको व्यबस्थाको प्रकृया पुरा गरेमा सोही धरौटीमा वीउ विक्रेता डिलरशीप दिईनेछ साथै वीउविजनको लागि दर्तामा रहेका र नविकरण भई आएका विक्रेताको हकमा मल विक्रेता निर्देशिका २०७७ को प्रकृया पुरा गरेमा विक्रेता मुकरर गरिनेछ साथै उक्त विक्रेताले दोहोरो धरौटी राख्नु पर्ने छैन ।

ङ) कुनै कारणवस धरौटी फिर्ता गर्नु पर्ने भएमा उक्त संघ / संस्था / कम्पनी / फर्मको निवेदन, संचालक समितिको निर्णय, कम्पनीले जारि गरेको नगदि रसिद र प्रमाणपत्र तथा कारोबार गरेको बर्षको करचुक्ता प्रमाण पत्र पेश गरे पछि धरौटी फिर्ता हुनेछ ।

६. विक्रेता सम्वन्धमा कम्पनीको अधिकारः

६.१ बिक्रेताको लागि प्राप्त आवेदन छानविन गरी विक्रेता मुकररगर्ने ।

६.२ कम्पनीबाट बिक्री हुने अनुदानको मल बाहेक अन्य कृषि सामग्रीहरुको बिक्री परिमाणमा कम्पनीबाट दिइने विक्रेता कमिशन दर तोक्ने ।

६.३ विक्रेताहरुको बिक्री कक्ष, भण्डारण, खातापाता एवम् कृषकहरुको विवरण सहित हरहिसाबका अभिलेखहरु चुस्तदुरुस्त राख्न लगाउने ।

६.४ खातापाता निरिक्षण गर्दा कुनै पनि कैफियत देखिएमा सो निराकरण गर्न निर्देशन दिने ।

६.५ यस कार्यविधि अनुसार विक्रेता निलम्वन वा खारेज गर्ने र निलम्वित विक्रेतालाई निलम्वन अवधिभर विक्रेताले पाउने सुविधा उपलव्ध नगराउने ।

६.६ कार्यविधिको दफा ६ का सम्बन्धमा बिक्रेताले आफ्नो प्रतिवद्धता पुरा नगरेमा स्पष्टीकरण सोधी सफाईको मौका दिइनेछ ।

६.७ एक आर्थिक बर्ष भित्र नविवकरण नगरेमा विक्रेता प्रमाणपत्र खारेज हुनेछ ।

७. विक्रेताको जिम्मेवारी दायित्व तथा कर्तव्यः

कम्पनीवाट विक्रेता प्रमाण पत्र प्राप्त गर्ने विक्रेताहरुको कम्पनी प्रति कर्तव्य दायित्व र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

७.१ बिक्रेताले निर्देशिकाको दफा १९ बमोजिमको प्रकृया पुरा गरी अनुदानको मल र वीउवीजन तथा अन्य कृषि सामग्री बिक्री वितरण गर्नु पर्नेछ ।

७.२ "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७" बमोजिमको ब्यवस्था अनुसार अनुदानको मल सँगै गैर अनुदानित रासायिनक मल एकै स्थानबाट विक्री गर्न पाईने छैन ।

७.३ कृषि सामग्री विक्री वितरण गर्न आवश्यक विक्री कक्ष र गोदाम घर स्थानिय पालिकाले तोकेको कार्यक्षेत्र भित्र हुनु पर्नेछ ।

७.४ बिक्री वितरणको विवरण तोकिएको ढाँचामा नियमित रुपमा कम्प्युटर/सफ्टवेयरमा अद्यावधिक गर्नु पर्नेछ ।

७.५ विक्रेताले कृषि सामग्री बिक्री गर्दा यथासम्भव प्रति कृषक खेतीयोग्य जमीनको आधारमा बिक्री वितरण गर्नु पर्नेछ ।

७.६ विक्रेताहरुले निर्देशिकाको दफा १७ को उपदफा ३ ले निर्धारण गरेको मूल्यमा अनुदानको मल विक्री वितरण गर्नु पर्नेछ । सोको जानकारी कम्पनीलाई दिनु पर्नेछ ।

७.७ विक्रेताले कृषि सामग्री बिक्री गर्दा अनिवार्य रुपमा अनुसूची-४ अनुसार रही बिक्री विल बनाई बिक्री वितरण गर्नुका साथै अनुसूची-३ बमोजिमको विक्रीको विवरण राख्नु पर्नेछ ।

७.८ विक्रेताले कृषि सामग्री खरिद गरी डेलिभरी लिंदा सोको गुणस्तर तथा तौल एकिन गरी कम्पनीको विलमा बुझिलिएको दस्तखत गरेर मात्र डेलिभरि लिनु पर्नेछ ।

७.९ डेलिभरी लिई सकेको कृषि सामग्रीहरुको तौल तथा गुणस्तर कायम राखी कृषकहरुलाई बिक्री गर्ने दायित्व विक्रेताको हुनेछ साथै यस सम्वन्धमा कुनै गुनासो वा उजुरी आएमा सो को जवाफदेहिता सम्वन्धित विक्रेताको हुनेछ ।

७.१० विक्रेताले कृषि सामग्रीहरुको खरीद एवं मौज्दात तथा विक्री जनिने गरी अनुसूची-५ बमोजिमको ढांचामा अनिवार्य रुपमा स्टक खाता राख्नु पर्नेछ ।

७.११ निर्देशिकाको दफा २१ बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले विक्रेताको भण्डारण कक्ष लगाएत अन्य बस्तुहरु अनुगमन गर्न सक्नेछ साथै विक्रेताले दैनिक कारोवारको अभिलेख कम्प्युटरकृत गर्नुपर्नेछ ।

७.१२ विक्रेताहरुले कृषि सामग्रीहरु खरिद गर्दा माग गरेका परिमाणमा मौज्दातको स्थिति हेरी कम्पनीले थपघट गर्न सक्नेछ ।

७.१३ विक्रेताले बिक्री वितरण गर्ने कृषि सामग्रीहरु खरीद गर्न कम्पनीमा आफै आउनु पर्नेछ । सो हुन नसकेको खण्डमा दस्तखत प्रमाणित गरी प्रतिनिधिको रुपमा अरुलाई पठाउन सक्नेछन् ।

७.१४ विक्रेताले कृषि सामग्री खरीद गर्न आउँदा पहिले खरिद गरेको कृषि सामग्रीको बिक्री विवरण (कृषकहरुको नाम, ठेगाना, फोन नम्बर, परिमाण र मूल्य सहितको विवरण) स्थानीय समितिबाट प्रमाणीत गराई पेश गर्नु पर्नेछ ।

७.१५ विक्रेताले कृषि सामाग्रीबाट खरिद गरेको कृषि सामाग्रीको खरिद तथा विक्री वितरण विवरण अनिवार्यरुपमा सफ्टवेयरमा राख्नु पर्नेछ ।

७.१६ विक्रेताले कृषि सामग्री खरीद गर्न आउँदा खरीद गरिने कृषि सामग्रीको मूल्य बापतको रकम कम्पनीको सम्बन्धित बैंकमा जम्मा गरी सो को सक्कल बैक भौंचर पेश गरी विल कटाउनु पर्नेछ । कम्पनी नगदमा विल काट्न बाध्य हुने छैन ।

७.१७ विक्रेताले यस कार्यविधि अनुसार कम्पनीले समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

७.१८ विक्रेताले आफुले खरिद गरेको कृषि सामग्रीहरु आफनो बिक्री कक्षबाट मात्र बिक्री गर्नु पर्नेछ ।

७.१९ विक्रेताले यस कार्यविधिमा नभएका कुरा निर्देशिका अनुसार गर्नु पर्नेछ ।

७.२० निर्देशिकाको परिच्छेद ३ को दफा १५(६) को अधिनमा रही बिक्री वितरण गर्नुपर्ने छ ।

८. विक्रेता प्रमाणपत्रः

८.१ यस कार्यविधिको दफा ३ अनुसारका आवेदकलाई विक्रेता बनाउने निणर्य भएमा आवश्यक धरौटी र लाग्ने शुल्क रकम प्राप्त भए पछि अनुसूची-१ बमोजिमको विक्रेता प्रमाणपत्र उपलब्ध गराउनुका साथै अनुसूची-२ बमोजिमको प्रतिवद्धता गराईनेछ ।

८.२ यस कार्य विधिको दफा ३ बमोजिम डिलरशिप लिदा सेवा शुल्क बापत रु.१,५००।—(एक हजार पाँच सय) कम्पनीले दस्तुर लिने छ ।

८.३ विक्रेतालाई प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराउनु परेमा रु.१,०००।—(एक हजार) मात्र दस्तुर लिई कम्पनीले प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनेछ ।

९. प्रमाणपत्र खारेजी सम्वन्धमाः

९.१ कम्पनीबाट प्रदान गरिएको विक्रेता प्रमाणपत्रहरु निर्देशिका २०७७ को दफा २० बमोजिमको अवस्थामा खारेज गर्न सकिनेछ ।

९.२ कार्यविधिको उपदफा ९.१ बमोजिम विक्रेता प्रमाण खारेज गर्नु भन्दा अगाडि कम्पनीले विक्रेतालाई मनासिव माफिकको समय दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

९.३ कार्यविधिको उपदफा ९.२ बमोजिम दिइएको समय भित्र बिक्रेताले सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नदेखिएमा कम्पनीले आफुले दिएको प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

९.४ कार्यविधिको दफा ९.१ बाहेकको अवस्थामा विक्रेताले कारोवार संचालन गर्न लिखित असमर्थता जनाई बिक्रेता खारेज गर्न निवेदन दिएमा प्रमाणपत्र खारेज गरिनेछ ।

९.५ कुनै पनि कारणले कम्पनीको विक्रेता नरहेमा निजसँग कम्पनीको कुनै रकम लिनु पर्ने भए सो रकम कट्टा गरी वा प्रचलित कानून वमोजिम जफत वा रोक्का गरिएको अवस्थामा वाहेक विक्रेताको धरौटी फिर्ता दिईने छ ।

१०. विक्रेता नविकरणका लागि आवश्यक कागजातः--

(क) अघिल्लो आर्थिक बर्षमा कम्पनीसँग गरेको कारोवारको वास्तविक विवरणसँग भिडान हुने गरी तयार भएको र लेखापरिक्षण रिपोर्टको प्रतिलिपी ।

(ख) नविकरणका लागि कम्पनीको नाममा बैंक दाखिला गरेको सक्कल बैंक भौचर ।

(ग) "स्थानीय समिति" बाट कृषि सामग्री बिक्री वितरण गर्न प्राप्त ईजाजत पत्रको प्रतिलिप र नविकरणको सिफारिस पत्र ।

(घ) वीउवीजनको हकमा स्थानीय समिति वा कृषि ज्ञानकेन्द्रबाट प्राप्त इजाजत पत्र र नविकरण सहितको सिफारिस पत्र ।

(ङ)) नविकरण हुने अघिल्लो आ.ब.को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(च) प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र विक्रेताले प्रमाण पत्र नविकरण गर्नुपर्नेछ सो नगरेमा वा आन्तरिक राजश्व कार्यालयबाट म्याद थपको पत्र नल्याएमा कुनै पनि कृषि सामग्री उपलब्ध गराईने छैन ।

१०.१ विक्रेता नविकरण दस्तुरः-

क) प्रत्येक वर्षको आश्विन मसान्त सम्म रु.१५००।-(एक हजार पाँच सय) शुल्क तिरी बिक्रेता प्रमाणपत्र नविकरण गर्नु पर्नेछ ।

ख) १०.१ "क" अनुसारको नविकरण हुन नसकेमा कार्तिक देखि षौष मसान्त सम्मका लागि विलम्ब शुल्क रु.५०० सहित रु.२०००।-(दुई हजार) तिरी नियमानुसारको प्रकृया पुरा गरी बिक्रेता प्रमाणपत्र नविकरण हुन सक्नेछ ।

ग) माथि उल्लेखित अवधि भित्र नविकरण नगरेमा नियमानुसारको प्रकृया पुरा गरी विलम्ब शुल्क बापत रु.१५०० थप गरि सोही आ.ब.को आषाढ मसान्तसम्म रु.३०००।-(तीन हजार) तिरी नविकरण गरी सक्नु पर्नेछ ।

घ) माथि तोकिएको अविधिमा नविकरण नभएका विक्रेताहरु स्वतः खारेज हुनेछ ।

११. बिक्री मूल्य / कमिशनः

बिक्रेताबाट बिक्री वितरण हुने अनुदानको रासायनिक मलको बिक्री मूल्य निर्देशिकाको दफा १७ को उपदफा ४,५,६,७ अनुसार हुनेछ । तर अनुदानको रासायनिक मलमा कम्पनीबाट कुनै पनि कमिशन उपलब्ध गराईने छैन । गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा अन्य कृषि सामग्रीको हकमा मूल्य तथा कमिशनदर समय समयमा कम्पनीले निर्धारण गरे अनुसार हुनेछ ।

१२. बिक्री भएको कृषि सामग्री फिर्ता नहुनेः

कम्पनीवाट बिक्री भएको कृषि सामग्री फिर्ता हुने छैन ।

१३. विविधः

१३.१ एक पटक खारेजीमा परेको विक्रेतालाई ३बर्ष सम्म पुनः विक्रेता मुकरर गरिने छैन ।

१३.२ कृषि सामग्री बिक्री वितरणमा प्रभावकारीता एवम् निपूणर्ता ल्याउन र कृषि सामग्री सम्बन्धी साधारण जानकारी गराउन कम्पनीले समय समयमा विक्रेतालाई सशुल्क वा निःशुल्क तालिम उपलव्ध गराउन सक्ने छ । त्यस प्रकारको तालिममा विक्रेताहरुले अनिवार्य रुपमा भाग लिनु पर्नेछ ।

१३.३ गैर अनुदानित रासायनिक मल, वीउवीजन र अन्य कृषि सामग्रीको विक्रीको हकमा कृषक/ कृषक समुह/ सरकारी फार्मलाई समेत आफ्नो प्रयोजनका लागि निवेदन लिई कम्पनीले गैर अनुदानित मल, विउ वीजन तथा कृषि सामग्री विक्री वितरण गर्न सक्नेछ ।

१४. खारेजी र बचाऊः

१४.१ कार्यविधिको कुनै वा सवै दफा तथा अनुसूचीहरु संचालक समितिले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१४.२ यस कार्यविधिको व्याख्या गर्ने अधिकार संचालक समितिलाई हुनेछ ।

१४.३. यस कार्यविधिमा लेखिए बाहेकका अन्य व्यवस्थाहरु निर्देशिका अनुसार र कम्पनीको प्रधान कार्यालयले निणर्य गरे बमोजिम हुनेछ ।

१४.४ "वीउ विक्रेता कार्यविधि २०७७" खारेज गरिएको छ । सो बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार गरेको मानिने छ ।

**अनुसूची -१**

(बिक्रेता प्रमाणपत्रको नमूना)

(कृषि सामग्री कम्पनी लिमिटेडको छाप)

कृषि सामग्री कम्पनी लिमिटेड, ................कार्यालय, .............................

बिक्रेता प्रमाण पत्र नं.

स्थायी लेखा नं.

मितिः

.................जिल्ला ......... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा वडा नं. ................मा रहेको श्री ....... ..................................लाई यस कम्पनीबाट बिक्री वितरण हुने अनुदानित मल निम्न क्षेत्रमा कारोवार गर्न "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७" तथा यस कृषि सामग्री कम्पनी लिमिटेडको "विक्रेता व्यवस्था कार्यविधि २०७७" बमोजिम बिक्रेता प्रमाण पत्र प्रदान गरिएको छ ।

बिक्रेताले कारोवार गर्ने क्षेत्रः

बिक्रेताले कारोवार गर्ने क्षेत्रः

१. ..........................

२. .........................

(............)

प्रबन्धक

**अनुसूची -१ क**

(बिक्रेता प्रमाणपत्रको नमूना)

(कृषि सामग्री कम्पनी लिमिटेडको छाप)

कृषि सामग्री कम्पनी लिमिटेड, ................कार्यालय, .............................

बिक्रेता प्रमाण पत्र नं.

स्थायी लेखा नं.

मितिः

............जिल्ला ......... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा वडा नं. ................मा रहेको श्री ....... ..................................लाई यस कम्पनीबाट बिक्री वितरण हुने गैर अनुदानित रासायनिक मल, विउ विजन तथा अन्य कृषि सामग्रीहरु निम्न क्षेत्रमा कारोवार गर्न तथा यस कृषि सामग्री कम्पनी लिमिटेडको "विक्रेता व्यवस्था कार्यविधि २०७७" बमोजिम बिक्रेता प्रमाण पत्र प्रदान गरिएको छ ।

बिक्रेताले कारोवार गर्ने क्षेत्रः

बिक्रेताले कारोवार गर्ने क्षेत्रः

१. ..........................

२. .........................

(............)

प्रबन्धक

<u>अनुसुची -२</u>

<u>बिक्रेताको प्रतिवद्धता</u>

अनुदानित रासायनिक मल वितरण सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भए बमोजिमका प्रावधानहरुका अतिरिक्त देहाय बमोजिम शर्तहरु.................. सहकारी संस्था / फर्म / कम्पनीको तर्फबाट पालना गर्ने प्रतिवद्धता गर्दछु /छौं ।

प्रतिवद्धता गरिएका शर्तहरु

१. आफ्नो बिक्री कक्षमा प्रष्टसँग आधिकारिक संस्थाको नाम उल्लेख गरी बिक्री वितरण गर्नेछु / छौं ।

२. सहकारी संस्था / फर्म वा कम्पनीले आफ्नै बिक्रीकक्षबाट अनुदान प्राप्त रासायनिक मल बिक्रीको लागि व्यवस्था गर्ने छु/छौं ।

३. बिक्री कक्षको अतिरिक्त रासायनिक मल भण्डारणको लागि चुहावट नहुने गरी छुट्टै भण्डारण कोठाको व्यवस्था गर्नेछु/छौं ।

४. स्थानीय समितिले तोकिदिएको क्षेत्र भित्र मात्र अनुदान प्राप्त मल बेचविखन गर्नेछु / छौं ।

५. अनुदान प्राप्त मल गैर कृषि प्रयोजनमा प्रयोग गर्न बिक्री गर्ने छैन ।

६. अनुदानित रासायनिक मल बिक्री गर्दा कृषकहरुबाट अनिवार्यरुपमा नेपाली नागरिकताको प्रतिलिपि, सम्पर्क नम्वर र खेती सम्वन्धी विवरण लिनेछु । साथै मल खरिद गर्ने कृषकहरुको सम्पर्क नम्बर ठेगाना सहितको मल परिमाण विवरण समावेश भएको प्रतिवेदन चौमासिक रुपमा मल बिक्री गर्ने सम्वन्धीत कम्पनी र स्थानीय समितिलाई पेश गर्नेछु /छौं ।

७. अनुदानित रासायनिक मल बिक्री गरे पश्चात सहकारी संस्था/फर्म/कम्पनीको नाम छापिएको तोकिएको ढाँचाको बिल विजक अनिवार्यरुपमा कृषकहरुलाई तत्कालै उपलब्ध गराई बिक्री र स्टकको प्रत्येक लट अनुसारको लागत राख्ने गर्नेछु/छौं । कृषकको हस्ताक्षर गराई र बिल बिजक जारी गरी मल/वीउ वेच विखन गर्नेछु /छौं ।

८. अनुदानित रासायनिक मल विक्री गर्दा सम्वन्धित निकायले निर्धारण गरे बमोजिमको मूल्यमा नबढ्ने गरी कृषकहरुलाई विक्री गर्नेछु । कुनै पनि स्थितीमा तोकिएको विक्री मूल्य भन्दा बढी मूल्य कृषकहरुबाट लिने छैन ।

९. विक्री मूल्य सबैले देख्ने गरी विक्री कक्षमा टाँस गर्नेछु । विक्री मूल्य र विक्री गरेको परिमाण समेत खुलाई सम्वन्धीत पालिकाबाट प्रमाणित गराई वितरक कम्पनीको कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछु ।

१०. सरकारी प्रयोजनकोलागि मल लगायतका कृषि सामग्रीको माग संकलनमा सहयोग गर्नेछु/छौं ।

११.अनुदानित रासायनिक मल वेचविखन कारोवार सम्वन्धी विवरण अनिवार्यरुपमा सहकारी संस्था/फर्म/कम्पनीको लेखापरीक्षण प्रतिवेदन समावेश गर्नेछु ।

१२.यो निर्देशिका बाहेक मल नियन्त्रण आदेश २०५५ र रासायनिक मल निर्देशिका, २०५७ बमोजिमका अन्य प्रावधानहरु समेत पालना गर्नेछु ।

१३.यस प्रतिवद्धता बमोजिमका शर्तहरु पालना नगरेमा तत्कालै मेरो सहकारी संस्था/फर्म/कम्पनीको डिलरसिप खारेजी भई नियमानुसारको सजाय हुने कुरामा जानकार छु ।

प्रतिवद्धता गर्ने सहकारी संस्था/फर्म/कम्पनीको तर्फबाटः

विक्रेताको नामः

संस्थाको नाम                                        संस्थाको छाप

नाम थरः

पदः

हस्ताक्षरः

मितिः

<u>अनुसुची -२ क</u>

<u>बिक्रेताको प्रतिवद्धता</u>

गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री वितरण सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भए बमोजिमका प्रावधानहरुका अतिरिक्त देहाय बमोजिम शर्तहरु.................. सहकारी संस्था / फर्म / कम्पनीको तर्फबाट पालना गर्ने प्रतिवद्धता गर्दछु /छौं ।

प्रतिवद्धता गरिएका शर्तहरु

१. आफ्नो बिक्री कक्षमा प्रष्टसँग आधिकारिक संस्थाको नाम उल्लेख गरी बिक्री वितरण गर्नेछु / छौं ।
२. सहकारी संस्था / फर्म वा कम्पनीले आफ्नै बिक्रीकक्षबाट गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री बिक्रीको लागि व्यवस्था गर्ने छु/छौं ।
३. बिक्री कक्षको अतिरिक्त गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री भण्डारणको लागि चुहावट नहुने गरी छुट्टै भण्डारण कोठाको व्यवस्था गर्नेछु/छौं ।
४. स्थानीय समितिले तोकिदिएको क्षेत्र भित्र मात्र गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री बेचविखन गर्नेछु / छौं ।
५. गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री गैर कृषि प्रयोजनमा प्रयोग गर्न बिक्री गर्ने छैन ।
६. गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री बिक्री गर्दा कृषकहरुबाट अनिवार्यरुपमा नेपाली नागरिकताको प्रतिलिपि, सम्पर्क नम्वर र खेती सम्वन्धी विवरण लिनेछु । साथै गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री खरिद गर्ने कृषकहरुको सम्पर्क नम्बर ठेगाना सहितको मल/वीउ परिमाण विवरण समाबेश भएको प्रतिवेदन चौमासिक रुपमा मल बिक्री गर्ने सम्वन्धीत कम्पनी र स्थानीय समितिलाई पेश गर्नेछु /छौं ।
७. गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री बिक्री गरे पश्चात सहकारी संस्था/फर्म/कम्पनीको नाम छापिएको तोकिएको ढाँचाको बिल विजक अनिवार्यरुपमा कृषकहरुलाई तत्कालै उपलब्ध गराई बिक्री र स्टकको प्रत्येक लट अनुसारको लागत राख्ने गर्नेछु/छौं । कृषकको हस्ताक्षर गराई र बिल बिजक जारी गरी गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री वेच विखन गर्नेछु /छौं ।
८. गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री विक्री गर्दा सम्वन्धित निकायले निर्धारण गरे बमोजिमको मूल्यमा नबढ्ने गरी कृषकहरुलाई विक्री गर्नेछु । कुनै पनि स्थितीमा तोकिएको विक्री मूल्य भन्दा बढी मूल्य कृषकहरुबाट लिने छैन ।
९. विक्री मूल्य सबैले देख्ने गरी विक्री कक्षमा टाँस गर्नेछु । विक्री मूल्य र विक्री गरेको परिमाण समेत खुलाई सम्वन्धीत पालिकाबाट प्रमाणित गराई वितरक कम्पनीको कार्यालयलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछु ।
१०. सरकारी प्रयोजनको लागि गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री लगायतका कृषि सामागीको माग संकलनमा सहयोग गर्नेछु /छौं ।

११.गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री वेचविखन कारोवार सम्वन्धी विवरण अनिवार्यरुपमा सहकारी संस्था / फर्म / कम्पनीको लेखापरीक्षण प्रतिवेदन समावेश गर्नेछु ।

१२.यो निर्देशिका बाहेक मल नियन्त्रण आदेश २०५५ र रासायनिक मल / वीउ निर्देशिका, २०५७ बमोजिमका अन्य प्रावधानहरु समेत पालना गर्नेछु ।

१३.यस प्रतिवद्धता बमोजिमका शर्तहरु पालना नगरेमा तत्कालै मेरो सहकारी संस्था / फर्म / कम्पनीको डिलरसिप खारेजी भई नियमानुसारको सजाय हुने कुरामा जानकार छु ।

प्रतिवद्धता गर्ने सहकारी संस्था/फर्म/कम्पनीको तर्फबाटः

विक्रेताको नामः

संस्थाको नाम                                        संस्थाको छाप

नाम थरः

पदः

हस्ताक्षरः

**अनुसूची- ३**

बिक्रेताले सम्वन्धित स्थानीय तहबाट प्रमाणित गराई पेश गर्नु पर्ने अनुदानित रासायनिक मल विक्री वितरण विवरणको ढाँचा

............................

(बिक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं ...........

स्थायी लेखा नं.................

अनुदानित रासायनिक मलको बिक्री बितरण विवरण (हरेक कृषकको)

| सि नं | कृषकको नाम | परिचय पत्र नं | ठेगाना | सम्पर्क फोन | क्षेत्रफल रोपनी / कठ्ठा | मलको प्रकार | परिमाण | विक्री मूल्य रु | विल नं. | विक्री मिति | खरिद गर्ने कृषकको सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कृषकले कुन बालीको लागि मल खरिद गरेको उल्लेख गर्ने ................. ।

पेश गर्ने बिक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको,

नाम थरः

पदः हस्ताक्षर र छाप

**अनुसूची- ३ क**

बिक्रेताले सम्वन्धित स्थानीय तहबाट प्रमाणित गराई पेश गर्नु पर्ने गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री बिक्री वितरण विवरणको ढाँचा

............................

(बिक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं ...........

स्थायी लेखा नं.................

गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्रीको बिक्री बितरण विवरण (हरेक कृषकको)

| सि नं | कृषकको नाम | परिचय पत्र नं | ठेगाना | सम्पर्क फोन | क्षेत्रफल रोपनी / कठ्ठा | मलको प्रकार | परिमाण | विक्री मूल्य रु | विल नं. | विक्री मिति | खरिद गर्ने कृषकको सहिछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

कृषकले कुन बालीको लागि गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री खरिद गरेको उल्लेख गर्ने ................. ।

पेश गर्ने बिक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको,

नाम थरः

पदः हस्ताक्षर र छाप

**अनुसूची- ४**

बिक्रेताले कृषकलाई अनुदानित रासायनिक मल विक्री गर्दा जारी गर्ने विलको ढाँचा

.............................

(बिक्रेताको नाम, ठेगाना र छाप)

दर्ता नं ...........

स्थायी लेखा नं................

विल नं...............

क्रेताको नाम, ठेगाना र सम्पर्क नं.............................

मितिः................

| सि.नं. | मलको विवरण | विक्री दर | परिमाण | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अक्षरुपीः .....................................................

कृषकको सही                    विक्रेताको सही

**अनुसूची- ४ क**

बिक्रेताले कृषकलाई गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्री विक्री गर्दा जारी गर्ने विलको ढाँचा

..............................

(बिक्रेताको नाम, ठेगाना र छाप)

दर्ता नं ..................

स्थायी लेखा नं.................

विल नं...........

क्रेताको नाम, ठेगाना र सम्पर्क नं..............................

मितिः................

| सि.नं | गैर अनुदानित रासायनिक मल, वीउवीजन तथा कृषि सामग्रीको विवरण | विक्री दर | परिमाण | जम्मा मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अक्षरुपीः ......................................................

कृषकको सही                    विक्रेताको सही

अनुसूची- ५

............................
(बिक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं ..........
स्थायी लेखा नं................
अनुदानित रासायनिक मल विवरण विक्री विवरण खाता

| मिति | युरिया परिमाण | | | डिएपी परिमाण | | | पोटास परिमाण | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पेश गर्ने बिक्रेताको हस्ताक्षरः ......................

प्रमाणित गर्ने कर्मचारीको,

नाम थरः
पदः
हस्ताक्षर र छाप

**अनुसूची – ५ क**

............................

(बिक्रेताको नाम, ठेगाना, छाप)

दर्ता नं ...........

स्थायी लेखा नं.................

गैर अनुदानित रासायनिक मल तथा कृषि सामग्री खरीद / विक्री विवरण खाता

| मिति | | | | | | | | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**वीउवीजनको विक्री विवरण खाताः:-**

| मिति | धान परिमाण | | | गहुँ परिमाण | | | अन्य .......... परिमाण | | | विक्रेताको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | खरिद | विक्री | जम्मा बाँकी | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पेश गर्ने बिक्रेताको हस्ताक्षरः .......................

प्रमाणित गर्ने कर्मचारीको,

नाम थरः

पदः

हस्ताक्षर र छाप